म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २७६ २०८० भदौ १५ गते शुक्रबार 1 September 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौँडा अस्पतालमा एक महिनामा २४१ जनाको शल्यक्रिया



आरजु सत्याल

हेटौंडाः हेटौंडा अस्पतालले १ महिनामा २ सय ४१ जनाको शल्यक्रिया गरेको छ । हेटौंडा अस्पतालमा साउन महिनामा २ सय ४१ जनाको शल्यक्रिया गरेको अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो ।

अस्पतालले साउन महिनामा अर्थोपेडिकको ६१ वटा शल्यक्रिया गरेको छ । साथै, सामान्य शल्यक्रिया १ सय ४२, स्त्री रोगसम्बन्धी १८ र नाक, कान, घाँटीको २० वटा शल्यक्रिया गरेको हो । अस्पतालमा २६ महिला र ३५ पुरुषको अर्थोपेडिकको शल्यक्रिया गरिएको थियो । यस्तै, सामान्य शल्यक्रिया ६७ महिला र ७५ पुरुष र नाक, कान, घाँटीको शल्यक्रिया १२ महिला र ८ पुरुषको गरिएको झाले बताउनुभयो ।

हेटौंडा अस्पतालमा शल्यक्रिया गर्ने विभागमा ३ वटा बेड रहेका छन् । अहिलेको समयमा शल्यक्रिया गर्न जनशक्तिको अभाव परिरहेको र कर्मचारी थप भएपछि जनशक्ति कम नहुने स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. अस्मिता ओलीले बताउनुभयो । सानो र ठूलो शल्यक्रिया गर्दा दैनिक १० जनाभन्दा बढि बिरामी हुने गरेको उहाँले बताउनुभयो ।

अस्पतालमा अहिले शल्यक्रिया विभागमा धेरै सुधार आएको छ । 'पहिला जटिल शल्यक्रिया गर्नुपर्दा बिरामीलाई रि फर गरिन्थ्यो भने अहिले गर्नु पर्दैन', डा. ओलीले भन्नुभयो- 'अहिले अन्य ठाउँबाट समेत बिरामीहरु जटिल शल्यक्रिया गर्न आउँछन् ।" अस्पतालमा बिरामीहरु फलोअपमा पनि धेरै आउने गरेका छन् । एउटा सामान्य शल्यक्रिया गर्न कम्तिमा ७ जनाको जनशक्ति चाहिने डा. ओलीले बताउनुभयो ।

हेटौंडा अस्पतालमा अर्थोपेडिकको शल्यक्रिया आइतबार र बुधबार, सामान्य शल्यक्रिया सोमबार र बिहीबार, स्त्रीरोगको शल्यक्रिया मंगलबार र शुक्रबार एवम् नाक, कान, घाँटीको शल्यक्रिया आइतबार र बुधबार हुने गरेको छ । अस्पतालका शल्यक्रिया विभागको बिरामी कुरुवाका अनुसार अस्पतालको सेवा राम्रो र सुधार भएको छ ।

## हेटौँडामा सामुहिक गाईजात्रा



*बिहिबार हेटौँडामा निकालिएको सामूहिक गाइजात्रामा सहभागीहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडामा सामूहिक गाईजात्रा निकालिएको छ । नेवा साँस्कृतिक पुचःको अग्रसरता र व्यवस्थापनमा सामूहिक गाईजात्रा निकालिएको हो । हेटौँडा बजारको कृष्णमन्दिर क्षेत्रबाट निकालिएको गाईजात्रा बजार क्षेत्रमा परिक्रमा गरि एको थियो । बजार परिक्रमा पश्चात हेटौँडा-१० स्थित भुटनदेवी मन्दिरमा गएर गाईजात्रा समापन गरिएको नेवा साँस्कृतिक पुचःका अध्यक्ष बिष्णुगोपाल महर्जनले जानकारी दिनुभयो ।

४३ घर परिवारले मृतक आफन्तको सम्झनामा सामूहिक रुपमा गाईजात्रा निकालिएको हो । आयोजकले प्रतिपरिवार ५ सय रुपैयाँ शूल्क उठाएर सामूहिक गाईजात्राको खर्च व्यवस्थापन गरिएको अध्यक्ष महर्जनले बताउनुभयो । सामूहिक गाइजात्रामा सहभागीलाई शोकमा परेका परिवारले पानी, चिसो पेय पदार्थ, फलफुल, मिठाई जस्ता खाद्य पदार्थ खुवाएका थिए ।

हिन्दू धर्मावलम्बीहरुको पवित्र चाड जनैपूर्णिमा अर्थात् ऋषितर्पणी, रक्षाबन्धन र गाइजात्रा एकैदिन परेको थियो । श्रावण शुक्ल पूर्णिमाको दिन मनाइने जनैपूर्णिमा र रक्षाबन्धनसँगै श्रावण कृष्ण प्रतिपदाको दिन मनाइने गाईजात्रा पर्व पनि बिहीबार नै मनाइएको छ । यस वर्ष तिथि घटबढ भएका कारण जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा एकै दिन मनाउन पञ्चाङ्ग निर्णायक विकास समितिले आग्रह गरेको थियो ।

हिन्दू धर्मावलम्बीहरुले बिहान सबेरै घरमा लिपपोत गरी शुद्ध गरेपछि कुनै प्रकारको रोगव्याधि नलागोस्, सधैं सुख र शान्ति होस् भन्ने कामनासहित ब्राह्मण पुरोहितद्वारा नाडीमा डोरा बाँधेर मनाउने गर्दछन् । तागाधारीहरुले जनैपूर्णिमाको दिन बिहानै नजिकैको नदी, तलाउ तथा कुण्डमा स्नान गरी आफ्ना गुरु पुरोहितबाट मन्त्रिएको जनै धारण गर्ने गर्दछन् ।

तराई क्षेत्रमा दिदीबहिनीले आफ्ना दाजुभाइका नाडीमा दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै स्नेहको प्रतीक राखी बाँधिदिने चलन छ । पछिल्लो समय पहाडी क्षेत्रमा पनि राखी बाँध्ने प्रचलन बढेको छ । यस दिन मास, भटमास, मुङ, ठूलो केराउ, सानो केराउ, चना, सिमी, गुराँस र बोडी गरी नौ प्रकारका गेडागुडी मिसाई पकाइएको क्वाँटी खाने गरिन्छ ।

## इन्धनको भाउ बढ्यो

समाज संवाददाता

हेटौँडाः नेपाल आयल निगमले पेट्रोलियम पदार्थको भाउ बढाएको छ । इन्डियन आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल प्रतिलिटर ४ रुपैयाँ र डिजेल/मट्टितेलमा ३ रुपैयाँ बढाइएको हो । खाना पकाउने ग्यासमा भने एकैपटक प्रतिसिलिण्डर २ सय ३५ रुपैयाँ मूल्य बढेको आयल निगमले बिहीबार साँझ विज्ञप्तिमार्फत जनाएको छ ।

नयाँ मूल्य अनुसार ग्यास प्रतिसिलिन्डर १ हजार ८ सय ९५ रुपैयाँ पुगेको छ । यसअघि ग्यास सिलिण्डरको १ हजार ६ सय ६० रुपैयाँ थियो । यस्तै पेट्रोल काठमाडौंमा प्रतिलिटर १ सय ८२ रुपैयाँ र डिजेल/मट्टितेल प्रतिलिटर १ सय ७० रुपैयाँ पुगेको छ । यसअघि पेट्रोल १ सय ७८ रुपैयाँ र डिजेल/मट्टितेल १ सय ६७ रुपैयाँ थियो । वृद्धि भएको मूल्य बिहिबार मध्यरातिदेखि नै लागू हुनेछ ।

## ४ जनामा डेंगु पुष्टि


समाज संवाददाता

हेटौँडाः मकवानपुरमा पछिल्लो २४ घण्टामा ४ जनामा डेंगु पुष्टि भएको छ । मकवानपुर जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार बिहीबार ४ जनामा डेंगु पुष्टि भएको हो ।

डेंगु हुने ४ जनामध्ये ३ जना हेटौंडा उपमहानगरपालिकाका रहेका छन् भने एकजना बकैया गाउँपालिकाका बासिन्दा रहेका छन् । तथ्याङ्कअनुसार मकवानपुरमा साउनयता ३ सय २२ जनामा डेंगु संक्रमण देखिएको छ ।

पुष्टि भएका संक्रमितमध्ये हेटौंडा उपमहानगरपालिकाका मात्र २ सय १८ जना रहेका छन् । अहिलेसम्म हेटौंडामा १ सय ११ पुरुष र १ सय ७ महिलामा डेंगु देखिएको छ । ज्वरो आएको ७२ घण्टापछि डेंगु जाँच गर्दा प्रभावकारी हुने चिकित्सकको भनाइ छ । डेंगु लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौ र सुनाऔ
The Voice of Community




Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform

Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

## सम्पादकीय

# पठन संस्कृति र पुस्तकालय

नेपालमा १५ वर्ष अगाडिबाट हरेक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय विदस मनाउने गरिएको छ । "पुस्तौं पुस्ताका लागि पुस्तकालय" भन्ने नारासहित यस वर्ष पनि आज शुक्रबार १६ औं राष्ट्रिय पुस्तकालय दिवस मनाइँदैछ । नेपालमा औपचारिकरुपमा विसं १८६९ भदौ १५ गते पुस्तकालय सेवा प्रारम्भ भएको दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो । तत्कालीन राजा गिर्वाणयुद्ध वीरविक्रम शाहले वसन्तपुर दरबारमा रहेका पुस्तक व्यवस्थापनका लागि सदनपत्र जारी गरी पुस्तकालयको स्थापना गरिएको थियो । पुस्तकालयका क्षेत्रमा भएका गतिविधि एवम् आवश्यकताका बारेमा जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ साल भदौ १५ गतेबाट पुस्तकालय दिवस मनाउन थालिएको हो । राष्ट्रिय पुस्तकालय दिवस रचनात्मकरुपमा मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छ । उक्त समितिले १६ औं राष्ट्रिय पुस्तकालय दिवस मनाउन उक्त समितिले प्रदेश र स्थानीय तहसहित सम्बन्धित निकायलाई पत्राचार गरेको छ । सोहीबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलेसमेत सबै स्थानीय तहहरुलाई पत्राचार गरेको छ ।

पछिल्लो समय विभिन्न विश्वविद्यालय, क्याम्पस, विद्यालय तथा सामुदायिक सामुदायिक पुस्तकालयहरुले समेत भदौ १५ का दिन पुस्तकालय दिवसलाई उत्सवका रूपमा मनाउने गरेका छन् । पुस्तकालयको विकास र यसको उपयोगलाई प्रोत्साहन गर्न पुस्तकालय दिवसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तर, पुस्तकालयको महत्वलाई संघ, प्रदेश तथा स्थानीय सरकारका साथै शैक्षिक संघसंस्था र सम्बद्ध निकायले प्राथमिकतामा नराख्दा यो दिवसले खासै चर्चा पाउने गरेको छैन । संघीय सरकारका दुईवटा मन्त्रालयले विभिन्न रचनात्मक कार्यक्रम गरेर यो दिवस मनाउन सबै प्रदेश र स्थानीय तहसहित सम्बन्धित निकायलाई आग्रह गरिएको भए पनि पुस्तकालय दिवसको अवसरमा उल्लेख्य कार्यक्रम कमै हुने गरेका छन् । पुस्तकालयको औपचारिक सुरुवात भएको दुई शताब्दीभन्दा बढी भइसकेको छ । हाल नेपालमा विश्वविद्यालय, क्याम्पस, विद्यालयमा रहेका शैक्षिक पुस्तकालय, राष्ट्रिय पुस्तकालय र विशेष पुस्तकालयका अतिरिक्त नौ सय २८ सार्वजनिक पुस्तकालय छन् । यति धेरै पुस्तकालय हुँदा पनि पुस्तकालयको समुचित विकास र उपयोग नहुनु दुःखद् अवस्था हो ।

किताब अर्थात् पुस्तक, पुस्तिका, अखबार, पत्रिका, नक्सा, चार्ट, फिल्म आदि सामग्री व्यवस्थितरुपमा उपलब्ध गराई जीवनभर नियमित शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रलाई पुस्तकालय भनिन्छ । पुस्तकालय संस्कृत भाषाको 'पुस्तक र आलय' दुई शब्द मिलेर बनेको हो, जसको अर्थ पुस्तकहरु राखिएको घर भन्ने बुझिन्छ । सबैले बुझेका छन्, पुस्तक ज्ञानको भण्डार हो । यो संसारमा पुस्तकको अभाव छैन । हरेक वर्ष विभिन्न विषयका थुप्रै पुस्तकहरु थपिने क्रम जारी छ । तर प्रकाशित र आवश्यक जति सबै पुस्तक पठनपाठनको सहज वातावरण बन्न निकै कठिन छ । पुस्तकालयको आवश्यकता र औचित्यलाई स्वीकार गर्दै संघीय सरकारले 'एक गाउँ एक पुस्तकालय' तथा 'एक विद्यालय एक पुस्तकालय'को नीति लिएको भए पनि कार्यान्वयनको अवस्था सन्तोषजनक छैन । पुस्तकालयमा गएर पढ्ने वा पुस्तकालयबाट पुस्तक लगेर पढ्ने परिपाटीको विकास हुन नसक्दा भएका पुस्तकालय पनि उपयोगविहीनजस्तै बनिरहेका छन् ।

पछिल्लो समय विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरुमा पठन संस्कृतिको कमी हुँदै गएको छ । पठन संस्कृतिको विकास गर्न पुस्तकालयको महत्व विशेष रहने गर्दछ । यसकारण पनि पुस्तकालयको विकास, विस्तार र उचित प्रयोगमा सबैले चासो राख्नु आवश्यक छ । कमसेकम शैक्षिक संस्थाहरुमा अनिवार्य पुस्तकालयलको व्यवस्था गरी पुस्तकालयको नियमित प्रयोगलाई अनिवार्य बनाउनु आवश्यक छ । पुस्तकालय दिवसका अवसरमा सबै तहका सरकार, शैक्षिक संस्था र सामुदायिक पुस्तकालयहरुले प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रम गर्न सकेमा यो दिवसले सार्थकता पाउनेछ । पुस्तकालय र यसको महत्वको बारेमा सचेत बनाउन सकिएमा पठन संस्कृतिको विकासमा सहयोग पुग्नेतर्फ सम्बद्ध पक्ष गम्भीर हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आध्यात्मिक चेतको विकास हुने समय छ ।
**वृष** : धार्मिक र सामाजिक काममा सरिक ।
**मिथुन** : कार्यक्षेत्रमा समस्या आइपरे पनि टर्ला ।
**कर्कट** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।
**सिंह** : गोपनियता र सामाजिक काममा विचारणीय छ ।
**कन्या** : आध्यात्मिक मनोभावमा वृद्धि हुने समय छ ।
**तुला** : लेनदेन र सामाजिक काममा सरिक भइने छ ।
**वृश्चिक** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
**धनु** : कर्तव्य र जिम्मेवारीले धार्मिक ज्ञान बढ्ला ।
**मकर** : धार्मिक र सामाजिक कृत्यमा सरिक भइने छ ।
**कुम्भ** : धार्मिक र परोपकारजन्य काममा सरिक भइनेछ ।
**मीन** : व्यर्थको काममा अलमलिए पनि लाभदायक

# नेपालमा पुस्तकालयको इतिहास र वर्तमान



✍ **मोहन प्रसाद ढकाल**

संस्कृत भाषाको पुस्तक र आलयको संयोजनबाट 'पुस्तकालय'को संरचना भएको पाइन्छ। जसको अर्थ पुस्तकहरूको घर भन्ने हुन्छ। पुस्तकालयमा पुस्तकको मात्र संकलन रहने परम्परागत अवधारणामा व्यापकता आई हाल पुस्तकालयमा पुस्तकका अतिरिक्त सूचना प्रदान गर्ने सामग्रीहरूको संग्रह रहेको पाइन्छ । नेपालमा पुस्तकालयको इतिहास धेरै लामो नभए तापनि पछिल्लो समयमा यसको महत्व भने बढिरहेको देखिन्छ । मानव सभ्यताको थालनी सँगसँगै मानवमा चेतनाको उद्भव भएकोले नै मानवलाई चेतनशील प्राणी मानिन्छ । भाषाको सुरुवात नभएको तत्कालीन समयमा सूचना आदानप्रदान गर्न सांकेतिक रुप र त्यसलाई लिपिबद्ध गर्न माटो, ढुंगा, जनावरको छाला, रुखविरुवाका पात र बोक्रा आदिमा विभिन्न चित्रात्मक संकेतको प्रयोग गर्न थालियो ।

पछिल्लो शताब्दीमा सूचना प्रविधिको क्षेत्रमा भएको उल्लेखनिय प्रगतिले हिजोको क्ले-ट्याब्लेट (माटोमा चित्रात्मक संकेत दिने समय) देखि आजको ई-ट्याब्लेट (सूचना प्रविधिको समय) सम्मको अवस्थालाई तुलना गर्दा पुस्तकालयको परिभाषामा नै परिवर्तन भएको पाइन्छ । हिजोको चार किल्लाभित्रको स्थायी प्रकृतिको पुस्तकालयको मात्र अस्तित्व रहन्छ भन्ने धारणामा आमूल परिवर्तन आई आज पर्खालबिनाको पुस्तकालय (डिजिटल/भर्चुअल लाइब्रेरी) र घुम्ती पुस्तकालय (सवारी साधनमा पुस्तक राखी डुलाइने प्रविधि, मोबाइल लाइब्रेरी) को अस्तित्वले गर्दा प्रयोगकर्ताले चाहेको निमेषमा आफ्नै हातमा सूचना उपलब्ध हुन सक्ने समयको विकास भएको छ ।

### पुस्तकालयको संक्षिप्त इतिहास

पुस्तकालय, परम्परागत रूपमा, पढ्न वा अध्ययन गर्न प्रयोग गरिने पुस्तकहरूको संग्रह, वा भवन वा कोठा जसमा यस्तो संग्रह राखिएको छ । यो शब्द ल्याटिन लिबर, "पुस्तक" बाट आएको हो, जबकि ल्याटिनाइज गरिएको ग्रीक शब्द, बिब्लियोथेका, जर्मन, रुसी र फ्रान्सेली, स्पेनिस, इटालियन, रोमानिया र पोर्चुगिज जस्ता रोमान्स भाषाहरूमा पुस्तकालयको लागि शब्दको उत्पत्ति हो ।

पुस्तकालयको इतिहास कागजातहरूको सङ्कलन व्यवस्थित गर्ने पहिलो प्रयासबाट सुरु भयो । चासोका विषयहरू संग्रहको पहुँच, सामग्रीको अधिग्रहण, व्यवस्था र खोज उपकरणहरू, पुस्तक व्यापार, विभिन्न लेखन सामग्रीको भौतिक गुणहरूको प्रभाव, भाषा वितरण, शिक्षामा भूमिका, साक्षरता दर, बजेट, कर्मचारी, पुस्तकालयहरू समावेश छन् । विशेषरूपमा लक्षित दर्शकहरूका लागि, वास्तुकलाको योग्यता, प्रयोगको ढाँचा, र राष्ट्रको साँस्कृतिक सम्पदामा पुस्तकालयहरूको भूमिका, र सरकार, चर्च वा निजी प्रायोजनको भूमिका ।

### प्रारम्भिक पुस्तकालयहरू (इशापूर्व २६००-८००)

पहिलो पुस्तकालयहरूमा लेखनको प्रारम्भिक रूपको अभिलेखहरू समावेश थिए, सुमेरको मन्दिरको कोठाहरूमा फेला परेका क्यूनिफर्म लिपिमा माटोका ट्याब्लेटहरू । प्रारम्भिक पत्ता लागेको निजी अभिलेखहरू उगारिट (वर्तमान सिरियामा) मा राखिएको थियो । पत्राचार र सूचीहरू बाहेक, मिथकका पाठहरू नयाँ शास्त्रीहरुलाई सिकाउनका लागि मानकीकृत अभ्यास-पाठहरु हुन सक्छन्।१९०० ईशापूर्व निप्पुरमा र ७०० ईसापूर्व निनवेहमा पुस्तकालय वर्गीकरण प्रणाली देखाउने पुस्तकालयहरूको प्रमाण पनि छ ।

### शास्त्रीय अवधि (८०० ईशापूर्व-५०० ईस्वी)

### अलेक्जान्ड्रियाको पुस्तकालय

इजिप्टको अलेक्जान्ड्रियाको पुस्तकालय, पुरातन संसारको सबैभन्दा ठूलो र सबैभन्दा महत्वपूर्ण पुस्तकालय थियो। यो टोलेमाइक राजवंशको संरक्षणमा फस्टायो र ३० शताब्दी ईशापूर्वमा यसको निर्माणदेखि ३० ईशापूर्वमा इजिप्टको रोमन विजयसम्म छात्रवृत्तिको एक प्रमुख केन्द्रको रूपमा काम गऱ्यो। पुस्तकालयको परिकल्पना गरिएको थियो र या त टोलेमी प्रथम सोटर (३२३-२८३ ईसापूर्व) को शासनकालमा वा उनको छोरा टोलेमी द्वितीय (२८३-२४६ ईसापूर्व) को शासनकालमा खोलिएको थियो । अलेक्जान्ड्रियामा प्रारम्भिक संगठन प्रणाली प्रभावकारी थियो ।

अलेक्जान्ड्रियाको पुस्तकालयको बारेमा हामीले थाहा पाएका धेरै कुराहरू प्रमाणित तथ्यमा आधारित छैनन्, बरु कथाहरूको संग्रह हो, जसमध्ये धेरै जसो हामीले जोचमको अनुसन्धानको आधारमा छोड्नुपर्छ। त्यहाँ पुस्तकालयको कुनै भौतिक अवशेषहरू बाँकी छैनन्, केवल शास्त्रीय लेखकहरूबाट लिखित संकेतहरू छन्, तर उहाँ विश्वास गर्नुहुन्छ कि महान पुस्तकालय एकल भवनको रुपमा अवस्थित थिएन । अलेक्जान्ड्रियाको पुस्तकालयले हरेक भाषामा हरेक विषयका प्रत्येक पुस्तक समावेश गरेको दाबी गरेको थियो । यी पुस्तकहरु प्राप्त गर्ने तरिकाहरु फरक छन्। एउटा रिपोर्ट गरिएको तरिका व्यापारीहरुलाई जहाँ पाइन्छ पुस्तकहरु किन्नको लागि रोजगारी दिनु थियो । अर्कोले दावी गरे कि पुस्तकहरु अलेक्जान्ड्रिया बन्दरगाहमा जहाजहरुबाट जफत गरियो, त्यसपछि पुस्तकालयको लागि प्रतिलिपि गरियो र तिनीहरुका मालिकहरुलाई फिर्ता गरियो। संग्रहका पुस्तकहरूबाट क्याटलगहरू बनाइएका थिए ।

### नेपालमा पुस्तकालयको इतिहास

परापूर्वकालमा गुरुकुल शिक्षाका साथसाथै मन्दिर, विहार, गुठी तथा गुम्बाहरूमा शिक्षा दिने प्रचलन रहेको र सोही स्थानहरुमा ताम्रपत्र, भोजपत्र, शिलालेख जस्ता हस्तलिखित सामग्रीहरुको संग्रह गर्ने गरेको इतिहास पाइन्छ । मल्लकालीन (नेपालको एकीकरणपूर्वको बाइसे चौबिसे राज्यकालीन) समयको राजधानी भक्तपुरमा 'सकोठा' नामक पुस्तकालयको अस्तित्व रहेको पाइन्छ । एकीकरण पश्चात पृथ्वीनारायण शाह (१७७९-१८३१) ले विभिन्न राज्यबाट प्राप्त भएका बहुमूल्य, हस्तलिखित पाण्डुलिपिहरुलाई वि.सं. १८२७ तिर काठमाडौंको हनुमानढोका दरबारमा संकलन गरी राख्न लगाए ।

पृथ्वीनारायण शाहका पनाति गीर्वाणयुद्धविक्रम शाह (१८५४-१८७३) को समयमा बल्ल नेपालमा एउटा पुस्तकालय सम्बन्धी नियम बनाई वि.सं. १८६९ भाद्र १५ गते 'पुस्तक चिताई तहबिल' नामक नेपालको प्रथम औपचारिक पुस्तकालयको स्थापना भएको मानिन्छ (निरौला, यादवचन्द्र) । राजेन्द्र विरविक्रम शाह (१८७०-१९३८) ले पनि वि.सं. १८९८ ( सन् १८४१ ) तिर उक्त पुस्तकालयमा पुस्तकहरू थप्दै गएकाले शाह राजाहरू शिक्षाप्रति उदार भएको देखाउदँछ (कार्की, मधुसुदन) । तत्कालीन समयमा उक्त पुस्तकालयमा राजघरानाका सदस्य तथा उच्च विदेशी पाहुनाहरूको मात्र पहुँच रहन्थ्यो ।

राणाकालीन समयमा पनि शिक्षा तथा पुस्तकालयको क्षेत्रमा केही कार्य भएको देखिए तापनि त्यसले समाजमा उल्लेख्य परिवर्तन भने ल्याउन सकेको थिएन । जंगबहादुर राणाले हनुमानढोकामा रहेका सामग्रीहरुलाई थापाथली स्कुलमा स्थानान्तरण गरी 'मुन्सिखाना' र 'जैसिकोठा'मा विभाजन गरी राखेका थिए । वि.सं. १९१० (सन् १८५४) मा दरबार स्कुलको स्थापना पश्चात वीर शमशेरले थापाथली जैसिकोठामा रहेका सामग्रीहरुलाई दरबार स्कुलमा स्थानान्तरण गर्न लगाए । उनले वि.सं. १९५७ (सन् १९००) मा 'वीर लाइब्रेरी'को स्थापना गर्न लगाई व्यवस्थित रुपमा पुस्तकहरुको संग्रह गर्न लगाए भने देव शमशेरले सन् १९२८ मा उक्त पुस्तकालयलाई सर्वसाधारणको लागि खुल्ला गराएका थिए ।

सन् १९१८ मा स्थापित त्रिचन्द्र कलेजमा पनि पुस्तकालयको व्यवस्था गरियो। त्यस्तै वि.सं. १९७७ (सन् १९२०) को "मकै पर्व", वि.सं. १९८६ (सन् १९३०) को "लाइब्रेरी पर्व" का घटनाहरू हुनु र डेनियल राइटले "नेपालमा स्कुल र कलेजको विषयलाई आयरल्याण्डमा सर्पलाई गर्ने जस्तो व्यवहार गरिन्छ" भनेर उल्लेख गरिनुले तत्कालीन राणाशासकको शिक्षा र पुस्तकालयप्रतिको धारणा प्रष्ट बुझिन्छ ।

राणाशासनको बेलामा व्यक्तिगत प्रयोजनका लागि भनेर स्थापित पुस्तकालयहरुको अत्यन्तै ठूलो महत्व रहेको पाइन्छ । चन्द्र शमशेरका छोरा केशर शमशेर (१८९२-१९६४) ले वि.सं. १९६५ (सन् १९०८) बाट, राणा प्रधानमन्त्रीका राजगुरु हेमराज पाण्डेले सन् १९१० तिरबाट र सिंह शमसेर ज.ब.रा ले पनि सोहीताकाबाट पुस्तकहरुको संकलन गर्न थालेका थिए । तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले सन् १९५२ र १९६० मा केशर पुस्तकालयको भ्रमण गरेका थिए । सिंह शमशेरको पुस्तकालय पछि त्रि.वि. पुस्तकालयलाई हस्तान्तरण गरियो र हाल त्रि.वि. पुस्तकालयभित्र सिंह कलेक्सनको नाममा परिचित छ ।

वि.सं. १९६६ मा राममणि आदीले भंसारहिटी टंगाल ग्रैहीधारामा शान्ति निकेतन पुस्तकालयको स्थापना, जनस्तरबाट वि.सं. १९८३-८४ तिर पाल्पामा पुस्तक पढ्ने दलानको स्थापना र वि.सं. २००१-२००२ तिर सार्वजनिक पुस्तकालयको रुपमा धवल पुस्तकालयको स्थापना गरेको पाइन्छ। धवल पुस्तकालयमा तत्कालीन राजा महेन्द्र र महाकवि देवकोटाले समेत भ्रमण गरेकाले यस पुस्तकालयको महत्व प्रष्ट झल्किन्छ ।

त्यसैगरी सन् १९४३ मा सर्वोच्च अदालत लाइब्रेरीको स्थापना, सन् १९४६-४७ तिर विराटनगरमा आदर्श पुस्तकालय, बुटवलमा महाविर लाइब्रेरी, काठमाडौंमा प्रदिप्त पुस्तकालय, धरानमा सामुदायिक विद्या भवन पुस्तकालय, सर्लाहीमा मनोहर मोहन पुस्तकालय, बाग्लुङमा विद्यामन्दिर पुस्तकालयसहित केही दर्जन पुस्तकालयको मात्र स्थापना भएको पाइन्छ जसमध्ये पनि धेरैजसो जनस्तरबाट स्वतस्फूर्त रुपमा स्थापना गरिएका थिए ।

वि.सं. २००७ सालको परिवर्तन पश्चात नेपालमा पुस्तकालयको संख्यामा उल्लेख्य वृद्धि भएको पाइन्छ। सन् १९५१ मा भारतीय दूतावासको सहयोगमा नेपाल-भारत मैत्री पुस्तकालयको स्थापना र सन् १९५२ मा अमेरिका र बेलायती दूतावासको सहयोगमा मिसन पुस्तकालयहरूको स्थापना भए । गुरुजु पुस्तकालयलाई नेपाल सरकारले खरिद गरी नेपाल राष्ट्रिय पुस्तकालय (वि.सं. २०१३) को स्थापना, साहित्यिक कृतिको संरक्षणको लागि मदन पुरस्कार पुस्तकालय (वि.सं. २०१३) को स्थापना, शैक्षिक पुस्तकालयको रुपमा त्रि.वि. पुस्तकालय (वि.सं. २०१६) लगायत अन्य थप दशवटा विश्वविद्यालयका पुस्तकालयहरू, सयौं कलेज र हजारौं स्कुलमा पुस्तकालयहरू थपिए ।

व्यक्तिगत प्रयोगका लागि स्थापित केशर पुस्तकालय वि.सं. २०२५ (सन् १९६८) मा नेपाल सरकारलाई हस्तान्तरण गरिनु र डिल्लीरमण कल्याणी स्मृति पुस्तकालय सर्वसाधारणको लागि खुल्ला गरिनु यो समयका उपलब्धिमूलक कार्य रहे। सामुदायिक पुस्तकालयको रुपमा काठमाडौंमा, काठमाडौं भ्यालि सार्वजनिक पुस्तकालय (वि.सं. २०६२), ललितपुरमा AWON -Active Women या Nepal_ Library (सन् १९५६), काभ्रेको पनौतीमा ज्ञानविकास सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, चितवनमा झुवानी सामुदायिक पुस्तकालय (सन् २००१) जस्ता नमुना पुस्तकालयको स्थापना हुनुले समुदाय स्तरमा पुस्तकालयको महत्व तथा प्रयोग बढेको देखिन्छ ।

विशेष पुस्तकालयको रुपमा नेपाल राष्ट्र बैंक पुस्तकालय (सन् १९५७), केन्द्रीय कानून पुस्तकालय (सन् १९९३) लगायत विभिन्न मन्त्रालय र संस्थान भित्रका सोही संस्थाका कर्मचारी, प्रयोगकर्ता र सोही क्षेत्रमा रुचिकर व्यक्तिलाई लाभान्वित गरेको पाइन्छ। त्यस्तै यो समयमा देशका विभिन्न भागमा हजारौं संख्यामा पुस्तकालयहरूको स्थापना भएको पाइन्छ र ती पुस्तकालयमा सर्वसाधारण जनताको समेत सहज पहुँच भएको हुनाले प्रयोगकर्ताले पुस्तकालयबाट उल्लेख्य फाइदा लिएको देखिन्छ ।

विश्वका विकसित राष्ट्रहरूमा पुस्तकालयलाई अत्यन्त महत्व दिएको पाइन्छ । उनीहरू विकसित हुनुमा पुस्तकालयको प्रत्यक्ष तथा परोक्ष योगदानसमेत रहेको देखिन्छ । विश्वको ठूलो पुस्तकालय अमेरिकाको लाइब्रेरी अफ कंग्रेस (सन् १८००) मा ४७० भन्दा बढीभाषाका १७ करोडभन्दा बढी पुस्तकादि सामग्री रहेका छन् भने ३१०० भन्दा बढीलाई रोजगार प्रदान गरी वार्षिक लाखौंलाई प्रत्यक्ष र करौडौंलाई वेबपेज वा इन्टरनेट मार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

त्यहाँका प्राय राजनीतिज्ञदेखि राष्ट्रपतिसम्मले बेला-बेलामा पुस्तकालयको भ्रमण गरिरहेको सुन्न पाइन्छ । ब्रिटिस लाइब्रेरी, लण्डन, विब्लियोथिक नेसनल, फ्रान्स, सांघाई लाइब्रेरी, चीन तथा भारतको राष्ट्रिय पुस्तकालयमा समेत करोडौंको संख्यामा पुस्तकादि सामग्रीहरूको संकलन रहेको पाइन्छ । विकसित देशमा ठूला ठूला पुस्तकालय रहनु, धेरै संख्यामा सामग्रीहरूको संकलन रहनु, प्रयोगकर्ताको संख्या उच्च रहनु, राजनीतिज्ञ, कर्मचारी, विद्यार्थीदेखि बालबालिकासम्मको पुस्तकालयमा पहुँच रहनुले उनीहरूमा पुस्तकालय एउटा संस्कारका साथै जीवनको एक अभिन्न पाटोको रुपमा विकसित हुँदै गएको पाइन्छ ।

### नेपालमा पुस्तकालय दिवस

विश्वका विभिन्न देशमा पुस्तकालय क्षेत्रमा योगदान गरेका व्यक्तिको सम्झना अथवा देशमा स्थापना भएको पहिलो पुस्तकालयको सन्दर्भ पारेर पुस्तकालय दिवस मान्ने प्रचलन पाइन्छ । भारतमा एस.आर रंगनाथनलाई पुस्तकालय विज्ञानका पिताका रुपमा चिनिन्छ र उनैको जन्मदिन अगस्ट १२ लाई पुस्तकालय दिवसको रुपमा मनाइन्छ। त्यस्तै स्पेनमा २४ अक्टुबर, पाकिस्तानमा २० फेब्रुअरी, बेलायतमा ८ फेब्रुअरी, रसियामा मे २७

*बाँकी पृष्ठ ३ मा*

# नमूना संयुक्त राष्ट्रसंघीय महासभा सुरु




*नमूना महासभाको उद्घाटन गरिँदै ।*

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-४ स्थित नवोदय शिशु सदन इंग्लिस सेकेण्डरी स्कुलको आयोजना तथा विद्यार्थीको सक्रियतामा नमूना संयुक्त राष्ट्रसंघीय महासभा सुरु भएको छ । बिहिबार बिहान एक समारोहबीच नमूना महासभाको उद्घाटन कार्यक्रम भयो ।

नमूना महासभाका महासचिव रायन खनालको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको हो । उद्घाटन कार्यक्रममा नमूना महासभा राष्ट्रसंघ मातहतका विभिन्न समितिले महासभामा प्रस्तुत गरिने मुद्दाका बारेमा जानकारी गराए । नमूना महासभामा हेटौंडाको कमाने एकेडेमी, मकवानपुर बालविद्या सदनसहित रुपन्देही, नवलपरासी र चितवनका विद्यार्थीको पनि सहभागिता रहेको छ । शनिबारसम्म सञ्चालन हुने नमूना महासभामा नेपालको प्रतिनिधिसभाको बैठकका विषयमा पनि विद्यार्थीले अभ्यास गर्नेछन् ।

बिहिबार नै विभिन्न ८ वटा समितिले छलफल सुरु गरेको छ । नमूना महासभामा दुई सय विद्यार्थीको सहभागिता रहेको छ । उद्घाटन सत्रमा सहभागी विद्यालय सञ्चालक, शिक्षकहरुले विद्यार्थीको क्षमता र प्रस्तुतीको सम्मान गर्दै उत्साहजनक र प्रेरक प्रस्तुती रहेको बताएका थिए । विद्यार्थीले नै उद्घाटन समारोहको व्यवस्थापन र सञ्चालन गरेका थिए । विद्यार्थीलाई सक्षम बनाउने उद्देश्यसहित नवोदयले रचनात्मक र विद्यार्थी केन्द्रित कार्य गर्दै आएको नवोदयका व्यवस्थापन समितिका अध्यक्ष पुरनबहादुर जोशीले बताउनुभयो । विद्यार्थीलाई पाठ्यक्रमभन्दा बाहिर विश्वव्यापी ज्ञान दिने उद्देश्यले नवोदयले यसअघि २ पटक भर्चुअल माध्यमबाट र एक पटक भौतिक उपस्थितिमै राष्ट्रसंघीय महासभाको आयोजना गरिसकेको छ ।

# एमसीसी सम्झौताको बिरोधमा हेटौँडामा प्रदर्शन




**समाज संवाददाता**

हेटौँडाः अमेरिकी सहयोगको परियोजना एमसीसी कार्यान्वयन विषयमा हेटौँडामा बिरोध प्रदर्शन भएको छ । बुधबार हेटौँडामा नेकपा (विप्लव) मकवानपुर, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल मकवानपुर, नेपाल कम्युनिस्ट पार्टी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल मकवानपुरले संयुक्तरुपमा एमसीसी सम्झौताविरुद्ध संयुक्त विरोध ऱ्याली प्रदर्शन गरेका हुन् ।

हेटौँडाको बुद्धचोकबाट कान्तिराजपथ, पारिजातपथ, स्कूलरोड, सिमाचोक हुँदै पुनः बुद्धचोकमा पुगी कोणसभामा परिणत भएको थियो । कोण सभामा बोल्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज गणेश खड्गीले राष्ट्रघाती एमसीसी सम्झौता नेपाली जनताले नचाहँदा नचाहँदै गत वर्ष संसदबाट पारित गरिएकोप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । अहिले पनि एमसीसी सम्झौता खारेज गर्न भनिरहेको अवस्थामा पनि सम्झौतालाई खारेज नगरेमा आफुहरु बिरोध गर्न तयार रहेको समेत बताउनुभयो । यस सम्झौता राष्ट्रघाती भएको बताउँदै सबै मिलेर सम्झौतालाई लखेट्न जरुरी रहेकोमा जोड दिनुभयो । विरोधका क्रममा ब्यानर र प्लेकार्ड बोकेर नारावाजी गर्दै प्रदर्शन गरिएको थियो । ऱ्यालीमा एमसीसी सम्झौता खारेज गर, राष्ट्रवादी शक्ति एक हौं, एमसीसी चाहिँदैन देश बेच्न पाइँदैन, अमेरिकी साम्राज्यवाद मुर्दावाद, राष्ट्रघाती दलालहरु होसियार भन्दै नारा लगाइएको थियो ।

विरोध प्रदर्शनमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रिय सदस्य तथा मकवानपुर इन्चार्ज गणेश खड्गी गगनको नेतृत्वमा नेकपा (विप्लव) मकवानपुर जिल्ला सचिवालय सदस्य सूर्य गोले, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल मकवानपुर जिल्ला सदस्य सुदिप बिश्वकर्मा, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बागमती प्रदेश समिति सदस्य बिक्रम मगर शक्ति अन्य नेता, कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# बालविवाहविरुद्ध सचेतनामूलक सडकनाटक

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-८, कमानेस्थित माउण्ट एभरेष्ट बोर्डिङले बालविवाह विरुद्ध सडक नाटक प्रदर्शन गरेको छ । आइतबार माउण्ट एभरेष्ट बाल समूहको आयोजनामा हेटौँडा-१०, सिमाचोकमा नाटक प्रदर्शन गरेको हो । माउण्ट एभरेष्ट बाल समूहका कक्षा ४-१० सम्मका विद्यार्थीले नाटकमा कलाकारको भूमिका निर्वाह गरेका थिए ।

अभिभावकहरूले घरमा काम गर्ने मान्छेको संख्या बढाउन छोराको कमै उमेरमा गर्ने, कम उमेरमा विवाह गर्दा पूण्य प्राप्ती हुन्छ भन्ने परम्परागत विश्वास, छोरीको उमेर बढ्दै जाँदा दाइजोको रकम बढ्दै जान्छ भन्ने कारणले, अभिभावकमा शिक्षा तथा चेतनाको कमी, यौन तथा प्रजनन स्वास्थ्यको बारेमा जानकारी नभएकोले बालविवाह हुने गरेको सडक नाटकमार्फत सन्देश दिन खोजिएको थियो ।

नाटकमा ५३ जना बालबालिकाले कला प्रस्तुत गरेका थिए । नाटक प्रदर्शनी गर्दै बालविवाहपछि स्वास्थ्य र शिक्षाको अधिकारसमेत गुमाउने, घरमा विभेद र घरेलु हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नुपर्ने, कमै उमेरमा सन्तान जन्माउँदा आमा र शिशु दुबैलाई उच्च जोखिम हुने, अपाङ्गता भएका सन्तान जन्मन सक्ने, बैवाहिक जीवन असफल भएका कारण हत्या, आत्महत्या, यातना जस्ता क्रुर र अमानवीय घटनाहरु पनि हुने गरेको, समाजमा विशेषगरी मधेशी समूदायमा बालविवाहको अहिलेसम्म पनि अन्त्य हुन नसकेको, बालविवाहबाट बालबालिका पढ्न पाउने, स्वेच्छिक रुपमा विवाह गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने हकबाट समेत बन्चित हुने जानकारी गराउँदै आउने दिनहरुमा बालविवाह रोकथाम विभिन्न सडकनाटक प्रस्तुती गर्दै, यस प्रकारको गैरकानूनी कार्यलाई रोक्न सबै सरोकारवालापक्षको सहयोग लिने बताइएको थियो ।

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले



जन्मः २००२ असोज ३ गते
स्वर्गारोहणः २०८० भदौ ८ गते

जन्मस्थलः भीमफेदी गाउँपालिकाको भैँसे
हालः हेटौँडा-११, नवलपुर

प्रेरक व्यक्तित्व
सम्मानित योगदान
प्रशंसनीय कार्य

सेवा निवृत्त शिक्षक ।
साहित्यकार
दाना कविताका परिकल्पनाकार ।
कथाकार
नाटककार

**स्व. तुल्सी थापा**

तुल्सी थापाले शिक्षा र साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउनुभएको छ । तुल्सी थापाका दाना कविता संग्रह "एक निमेष अनन्तको (२०५८)", नाटक "अमरसिंहको खोजीमा अमरसिंह नाटक (२०६१)" र कथासंग्रह "फरक आकाश (२०७२)" प्रकाशित छन् । तुल्सी थापा भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्व अध्यक्ष समेत हुनुहुन्थ्यो । थापाले गोरखा दक्षिण बाहु चौथो (२०४४), नारायणी वाङ्मय पुरस्कार (२०५८) सहित विभिन्न सम्मान प्राप्त गर्नुभएको छ । सिमान्तकृत चेपाङ समुदायको विकासमा एक दशक काम गर्नुभएको छ । स्व. थापाका श्रीमति, एक छोरा, २ छोरी हुनुहुन्छ । स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछौं ।

## *नेपालमा पुस्तकालयको...*

लाई पुस्तकालय दिवसको रुपमा मान्ने आ-आफ्नै प्रचलन रहेको छ । नेपालमा भने वि.सं. १८६९ भाद्र १५ गतेका दिन 'पुस्तक चिताई तहबिल' मा लालमोहर जारी (प्रथम औपचारिक पुस्तकालयको स्थापना) गरेको दिनको सम्झनामा भाद्र १५ लाई पुस्तकालय दिवसका रुपमा मनाउन थालियो । त्रि.वि. पुस्तकालय तथा सूचना विज्ञान विभागमा अध्ययनरत विद्यार्थीहरुको संगठन (LISSA) को पहलकदमी र TULSSAA, NLA, TUCL आदिको सक्रिय सहभागितामा स्वतन्त्ररुपमा पुस्तकालय दिवस मनाउने प्रचलनको थालनी वि.सं. २०६५ बाट गरियो । वि.सं. २०६८ बाट नेपाल सरकारले औपचारीक रुपमा मान्यता दिई सरकारीरुपमा नै मनाउन थालियो ।

जम्मा १९ वर्षको जीवन बाँचेका गीर्वाणयुद्धविक्रम शाहले पहिलो पुस्तकालय सम्बन्धी नियम बनाई पुस्तकालयको स्थापना गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरी पुस्तकालयको क्षेत्रमा अजेय रहने कार्य गरेकाले उनको सम्झना स्वरुप सोही भाद्र १५ गतेलाई पुस्तकालय दिवसका रुपमा मनाउने प्रचलनको थालनी झण्डै दुई शताब्दीपछिबाट सुरु गरेतापनि यसलाई सह्रानीय कार्य मान्नुपर्दछ । "पुस्तौं पुस्ताका लागि पुस्तकालय' को नारासहित १६औं पुस्तकालय दिवस विविध कार्यक्रमसहित मनाइरहेको छ ।

भाद्र १५ लाई सरकारी दिवसको रुपमा मान्यता दिलाई सरकारी भित्तेपात्रोमा उल्लेख गराउन सक्नु, हरेक विद्यालयमा पुस्तकालयको व्यवस्था गर्न पहल गराउनु पुस्तकालय दिवसका मुख्य उपलब्धी हुन् । पुस्तकालयका क्षेत्रमा भएका गतिविधिहरू एवम् पुस्तकालयको आवश्यकता बारे जानकारी गराउने उद्देश्यका साथ नेपालमा वि.सं.२०६५ देखि भाद्र १५ लाई "पुस्तकालय दिवस" को रूपमा मनाउन सुरू गरिएको हो । यस अर्थमा नेपालमा संस्थागत रूपमा पुस्तकालयस्थापना भएको २०० वर्ष भन्दा लामो इतिहास पूरा भएको छ र पुस्तकालय दिवस आठौंवर्षमा प्रवेश गरेको छ । जनतालाई शिक्षित र राष्ट्रलाई समृद्ध बनाउने उद्देश्यले नेपालमा पुस्तकालय दिवस मनाउन थालिएको हो । पुस्तकालय दिवस ज्ञानको ज्योति छर्ने दिनको रुपमा लिइन्छ। यसलाई केवल नारामा सीमित नगरी पाठक, विद्यार्थी, शिक्षक, लेखक लगायत आम नागरिकहरूले आदरपूर्वक सम्झनेदिनका रूपमा स्थापित गराउनुपर्छ। पुस्तकालय ज्ञानको भण्डार पनि हो। पुस्तकालयबाट हामी हरेक किसिमको ज्ञान पाउन सक्छौ । त्यसैले पनि यो दिवसको महत्व बढेको छ । पढाई मान्छेको जीवनमा एउटा यस्तो कुरा हो जसले जीवन परिवर्तन गर्न सहयोग गर्दछ । किताब बिनाको जीवन निरर्थक हुन्छ र जीवनको कुनै महत्व हुदैन । किताब बिनाको जीवनले ढुंगेयुगको स्मरण गराउछ। आज समाजमा जति पनि विकास भएको छ, चाहे त्यो सामाजिक होस्, चाहे सास्कृतिक होस्, चाहे प्राबिधिक होस्, हरेक परिबर्तनमा पुस्तकको ठुलो हात छ । हाम्रो समाजमा अझै पनि धेरै व्यक्तिहरुले पुस्तकको अनुहार पनि देखेका छैनन् । यो दिवसको लक्ष्य पनि हरेक व्यक्तिको हातमा पुस्तक हुनु र त्यसको महत्व बुझाउनु हो ।

उपप्रशासक (पुस्तकालय प्रमुख), मकवानपुर बहुमुखी क्याम्पस)

DURBAR AGROMART

We Are Open
DURBAR MART




Hetauda–4,
Shitalmahal road

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम,
बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३



# स्व. थापाको श्रद्धाञ्जली सभा



*स्वर्गीय तुल्सी थापाको फोटोमा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरिँदै ।*

समाज संवाददाता

हेटौंडा: सर्जक सञ्जाल मकवानपुरले बुधबार अग्रज साहित्यकार तुल्सी थापाको श्रद्धाञ्जली सभा आयोजना गरेको छ । २००२ साल असोज ३ गते जन्मनु भएका थापाको २०८० साल भदौ ८ गते निधन भएको थियो । ७८ वर्षको उमेरमा चितवन जिल्लाको पुरानो मेडिकल कलेजमा उपचारको क्रममा थापाको निधन भएको हो । उहाँको सम्झना एवम् सम्मानमा मकवानपुरका साहित्यकारहरुले श्रद्धाञ्जली सभा आयोजना गरेको हो ।

साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले उहाँले दिनुभएको ज्ञान, साहित्यप्रतिको योगदान र मायाको बाटोमा सधैं हिँड्नुपर्ने बताउनुभयो । यति चाँडै उहाँलाई गुमाउनुपर्छ भन्ने नसोँचिएको तर विडम्बना थापा सरको अकल्पनीय निधन भएको भन्दै न्यौपानेले दुख व्यक्त गर्नुभयो । समालोचक घनश्याम घिमिरेले तुल्सी थापाको साहित्य, शिक्षा र समाजप्रतिको योगदानबारे स्मरण गर्नुभयो । देशभक्ति, संस्कृति र मकवानपुरको धरातलको बाटो, दनर्शनिक, वैचारिक रुपमा तुल्सी थापाले योगदान पुऱ्याएको घिमिरेले बताउनुभयो । तुल्सी थापाको भौतिक शरीर टाढिए पनि सर्जकको हिसाबले टाढा नहुने उल्लेख गर्नुहुँदै घिमिरेले भन्नुभयो, "कथा, कविता, नाटक, शिक्षा र समाजमा तुल्सी थापाले पुऱ्याउनु भएको योगदानकै कारण उहाँलाई सदा सम्झिने छ ।"

अग्रज पत्रकार प्रताप बिष्टले तुल्सी थापा विचार, धर्मभन्दा माथि उठेको व्यक्ति रहेको बताउनुभयो । आफू तुल्सी थापाको विद्यार्थी पनि रहेको जानकारी गराउनुहुँदै थापाको अनुमती बिना विद्यार्थी कक्षा बाहिर निस्कने आँट समेत नगर्ने उल्लेख गर्नुभयो । शिक्षक पनि अनुशासित हुन्थे । विद्यार्थी मात्र नभई आफू शिक्षक र पत्रकार हुँदा समेत थापा सरको व्यक्तित्वबारे बुझ्ने र जान्ने अवसर मिलेको बिष्टको भनाइ थियो । आफ्नो पेशा र देशप्रति समर्पित र समाज परिवर्तन चाहने व्यक्तिको रुपमा तुल्सी थापालाई विष्टले स्मरण गर्नुभयो । "सकारात्मक चिन्तन र विचार बोकेका थापाले चेपाङ समुदायमा १२ वर्ष काम गर्नुभयो र चेपाङ नै भएर निस्कनुभयो", बिष्टले भन्नुभयो, "तुल्सी सरको योगदानको सम्मान र कदर गर्ने गरी जसरी समाज र स्थानीय सरकारले सम्झनुपर्ने हो त्यसरी सम्झन नसकेकोमा मलाई दुख लागेको छ ।"

यसैगरी झरना साहित्यिक मकवानपुरका निवर्तमान अध्यक्ष दीपक गौतमले तुल्सी थापाको निधन हुनुभन्दा ६ दिनअघि भेट्न गएको स्मरण गर्नुहुँदै तुल्सी थापाले आफूलाई राजावादी ट्याग लगाएकोमा दुखी हुनुभएको बताउनुभयो । "दान र भेटी चढाएर होइन, राम्रो काम गरे सम्मान पाइने रहेछ भन्दै मेरो छोरालाई यस्तै बन्नु है भन्नुभयो", गौतमले भन्नुभयो, "जागिरको सिलसिलामा सदर मुकाममा आउने अवसर पाउनुभएन, कुनै पनि संघ संगठनमा आवद्ध हुनुभएन, सम्पत्ति कमाउने ठाउँमा हुँदा पनि पदको दुरुपयोग गर्नुभएन, सम्पत्ति नकमाएको भन्दै परिवार समेत असन्तुष्ट थिए । तुल्सी सर आफूले जीवन जिउन नजानेको भन्दै गुनासो गर्नुहुन्थ्यो ।" सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको सभाध्यक्षमा भएको श्रद्धाञ्जली सभामा स्वर्गीय थापाको तस्वीरमा माल्यर्पण गरिएको थियो ।

# मकवानपुरगढीमा फुटसल प्रतियोगिता

समाज संवाददाता

हेटौंडा: मकवानपुगढी गाउँपालिकामा आज शुक्रबार र भोलि शनिबार प्रथम जेसीआई मकवानपुरगढी फुटसल प्रतियोगिता २०२३ हुने भएको छ । बुधबार पत्रकार सम्मेलनको आयोजन गर्दै फुटसल प्रतियोगिताको बारेमा आयोजकले जानकारी दिएको थियो ।

पर्यटन प्रबर्द्धन, औद्योगिक प्रतिष्ठानहरुलाई खेलकुदमा लगानी गर्दै सामाजिक उत्तरदायित्व बहन गराउन र खेलकुदको विकास गर्ने उद्देश्यले मकवानपुर गढी गाउँपालिकास्थित फुट्सल कोर्टमा प्रतियोगिता आयोजना गर्न लागिएको बताइएको छ । प्रतियोगितामा नेपाल जेसीज अन्तर्गत रहेका शाखाका सुचीकृत सदस्यहरुले सहभागिता जनाउने बताइएको छ । प्रतियोगितामा विजयी टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् भने विधागत उत्कृष्ट खेलाडीका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ । प्रस्तावित जेसीआई मकवानपुरगढीको आयोजनामा हुन लागेको प्रतियोगितामा ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# खेलकुद विकास समितिद्वारा खेल सामग्री सहयोग

समाज संवाददाता

हेटौंडा: मकवानपुर जिल्ला खेलकुद विकास समितिले फुटबल खेल सामग्री सहयोग गरेको छ । बिहीबार हेटौंडा–६ स्थित गौरीटार रंगशालामा न्यु डाँफे युथ क्लबमा आवद्ध खेलाडीहरुलाई तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६, १५, १६ र १७ का १२ देखि १६ वर्ष उमेर समूहका खेलाडीहरुलाई खेल सामग्री वितरण गरेको हो ।

समितिका अध्यक्ष वेश खड्कीले ४० हजार रुपैयाँ बराबरको फुटबल, कोन, मार्कर, हडल, ल्याडरलगायत सामग्री वितरण गर्नुभएको छ । स्वास्थ्यका लागि खेलकुद र राष्ट्रका लागि खेलकुद भन्ने नारालाई सार्थक पार्न खेलाडीलाई खेल सामग्री वितरण गरिएको उहाँले बताउनुभयो ।

फुटबल खेलाडीहरुको क्षमता अभिवृद्धि गर्नुका साथै खेलप्रति उनीहरुको रुचि, लगनशीलता र कौशलता बढाउन खेल सामग्रीले सहयोग गर्ने अध्यक्ष खड्कीको भनाइ छ । खेल खेल्ने क्रममा सामग्री अभावले तालिम गर्न नपाउने, विभिन्न प्रतियोगितमा सहभागी जनाउन नपाउने समस्या अन्त्य गर्ने र खेलाडीहरुलाई खेलप्रति उत्साह जगाउने उद्देश्यले खेलकुद विकास समितिले सामग्री वितरण गरेको उहाँले बताउनुभयो ।

गुरुहरुले सिकाएको कुरा पालना गर्न, सबै खेलाडीहरुले एक–अर्काबीच भातृत्व कायम गर्न, पढाइलाई पहिलो र खेललाई दोस्रो प्राथमिकता दिन उहाँले खेलाडीलाई आग्रह गर्नुभयो । समितिको तर्फबाट ३–३ महिनामा ५ सेट जुराफ, बुट र जर्सी दिने उहाँले बताउनुभयो । आउँदा दिनहरुमा खेललाई प्राथमिकता दिने अनुशासित खेलाडीहरुलाई वडाबाट प्रोत्साहन गर्ने व्यवस्था मिलाउन सहयोग गर्ने उहाँले जानकारी दिनुभयो । न्यु डाँफे युथ क्लबमा आवद्ध भएका १६ वर्ष मुनिका खेलाडीहरुलाई प्रशिक्षक ज्ञानु क्षेत्रीले प्रशिक्षण दिनुहुनेछ ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# कांग्रेसका नेता सुध्रन आवश्यक: सचिव महत

समाज संवाददाता

हेटौंडा: नेपाली कांग्रेस मकवानपुर जिल्ला सचिव भीमसेन महतले नेपाली कांग्रेसका नेता सुध्रन आवश्यक रहेको बताउनुभएको छ । बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै सचिव महतले यस्तो बताउनुभएको हो ।

नेपाली कांग्रेस लोकतान्त्रिक मूल्य मान्यता, कानुनबमोजिम विधिको शासन, न्यायिक स्वतन्त्रताको विरासत बोकेको पार्टी भएको बताउँदै महतले पार्टीले २००७ साल, २०४६ साल, ०६२/०६३ को ऐतिहासिक राजनैतिक आन्दोलनको नेतृत्व गरेको बताउनुभयो । सशस्त्र जनयुद्धमा होमिएको माओवादी पार्टीलाई विभिन्न चरणको शान्तिवार्ता हुँदै लोकतान्त्रिक शासन प्रणालीमा ल्याउने पार्टी कांग्रेस नै रहेको उहाँले दावी गर्नुभयो ।

नेपाली कांग्रेसको १२ औं अधिवेशनले अघि सारेको 'विकास र समृद्धि'को नारालाई कम्युनिष्टको नारा बनाई सत्ताको बागडोर सम्हाले पनि यो देश नेपाली कांग्रेसको विचारबाट परिचालित हुँदै आएको भन्दै नेपाली कांग्रेसमात्र लोकतन्त्रको रक्षक भएको महतले जानकारी दिनुभयो । पार्टीभित्र पछिल्लो समय देखिएको टकरावले विभिन्न समस्या आइपरेको उहाँले बताउनुभयो । पार्टीभित्र संघ र प्रदेशको निर्वाचनबाट विभिन्न आरोप र प्रत्यारोप लगाउने कार्य भएको भन्दै अन्तरघातको आरोप लागेको उहाँले बताउनुभयो ।

# अण्डाको मूल्य बढ्यो, मासुको घट्यो

समाज संवाददाता

हेटौंडा: हेटौंडामा बुधबारबाट कुखुराको अण्डाको मूल्य बढेको छ । पछिल्लो एक महिनादेखि प्रतिक्रेट ४ सय ५ रुपैयाँमा बिक्री हुँदै आएको अण्डाको मूल्य वृद्धि भएको हो ।

केन्द्रीय कुखुरा व्यवसायी संघले अण्डाको मूल्य बढाएपछि मकवानपुर कुखुरा व्यवसायी संघले पनि अण्डाको मूल्य बढाएको छ । बिहीबारबाट अण्डाको मूल्य प्रतिक्रेट ४ सय ५० रुपैयाँ पुगेको मकवानपुर कुखुरा व्यवसायी संघका कार्यबाहक अध्यक्ष जयराम अर्यालले जानकारी दिनुभयो ।

यस्तै, ब्रोइलर कुखुराको मासुको मूल्य भने घटेको छ । जिउँदो ब्रोइलर कुखुरा प्रतिकेजी २ सय रुपैयाँमा कुखुरा व्यवसायीले बिक्री गरिरहेको अर्यालको भनाइ छ । खुद्रा मासु व्यवसायीहरुले भने ३ सय रुपैयाँदेखि ३ सय ७० रुपैयाँसम्ममा बिक्री गरिरहेको उहाँले जानकारी दिनुभयो ।

## बाढी/पहिरो, चट्याङ जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**

- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।

**चट्याङबाट बच्न तत्कालीन उपाय**

- खुला एवं अग्लो स्थानमा असुरक्षित हुन्छ । खोच तथा ओभेलमा बसौं ।
- सकेसम्म घरभित्र बसौं ।
- घरबाहिर हुनुहुन्छ भने होचो स्थानमा बस्नु उपयुक्त हुन्छ ।
- चट्याङ पर्नसक्ने स्थान नजिकै हो भने भूँइतर्फ फर्केर घोप्टिनुपर्छ ।

**राक्सिराङ गाउँपालिका**
**मकवानपुर**

## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौं शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौंबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

**हाम्रो सेवाहरू**

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा




**सम्पर्क: मकवानपुर पोलिक्लिनिक**
हेटौंडा–१, भिन्तुनापथ
०५७–५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ